जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९ | जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८५ | २०८३ साल जेठ १८ गते सोमवार | Monday-01-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## ६ महिनादेखि तलब विहीन बालविकास सहजकर्ताः कलैया उपमहानगरपालिकाको लापरवाही कि आर्थिक संकट?

*शु.आ. सम्बाददाता*
*कलैया, १७ बैशाख*

बालबालिकाको प्रारम्भिक शिक्षा र सर्वाङ्गीण विकासको आधार निर्माण गर्ने जिम्मेवारी बोकेका बालविकास सहजकर्ताहरू कलैया उपमहानगरपालिकाको बेवास्ता र आर्थिक व्यवस्थापनको कमजोरीको मारमा परेका छन्। उपमहानगरभित्र कार्यरत १ सय १३ जना बालविकास सहजकर्ताले स्थानीय तहबाट पाउने मासिक पारिश्रमिक विगत छ महिनादेखि नपाउँदा आर्थिक तथा मानसिक समस्यामा परेको गुनासो गरेका छन्।



*तस्बिर : ए आईबाट*

सरकारले कक्षा १ मा भर्ना हुनुअघि बालबालिकालाई औपचारिक शिक्षाका लागि तयार पार्ने उद्देश्यले सामुदायिक विद्यालय तथा समुदायमा बालविकास केन्द्र सञ्चालन गर्दै आएको छ। ती केन्द्रमा कार्यरत सहजकर्ताहरूले बालबालिकाको शैक्षिक, सामाजिक, भावनात्मक तथा बौद्धिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । धेरै विद्यालयमा उनीहरूले बालकक्षासँगै अन्य कक्षाको पठनपाठनमा समेत सहयोग गरिरहेका छन्। तर, यति महत्वपूर्ण जिम्मेवारी सम्हालिरहेका सहजकर्ताहरूको अवस्था भने विडम्बनापूर्ण बनेको छ। संघीय सरकारबाट उपलब्ध हुने मासिक १२ हजार रुपैयाँ नियमित रूपमा प्राप्त भए पनि कलैया उपमहानगरपालिकाले उपलब्ध गराउने मासिक ७ हजार रुपैयाँ मंसिर महिनादेखि हालसम्म भुक्तानी नगरेको उनीहरूको गुनासो छ ।

छ महिनादेखि तलब रोकिँदा प्रत्येक सहजकर्ताको ४२ हजार रुपैयाँ बक्यौता पुगेको छ। १ सय १३ जनाको हिसाब गर्दा उपमहानगरपालिकाले झण्डै ४७ लाख ४६ हजार रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको देखिन्छ। आर्थिक रूपमा कमजोर पृष्ठभूमिबाट आएका अधिकांश सहजकर्ताहरू दैनिक जीवन सञ्चालन गर्न, घरखर्च धान्न तथा छोराछोरीको पढाइ खर्च व्यवस्थापन गर्न समेत कठिनाइ भोग्न बाध्य भएका छन् । नाम नखुलाउने सर्तमा एक सहजकर्ताले भने, "हामीले नियमित रूपमा विद्यालयमा उपस्थित भएर काम गरिरहेका छौं । बालबालिकाको भविष्य निर्माण गर्ने जिम्मेवारी निभाइरहेका छौं तर आफ्नै परिवार चलाउन समस्या भएको छ। पटक-पटक ताकेता गर्दा पनि तलब कहिले आउने भन्ने स्पष्ट जवाफ पाइँदैन ।" बालविकास सहजकर्ताहरूले आफूहरूलाई शिक्षकसरह काम गराइए पनि सेवा-सुविधाको सवालमा निरन्तर विभेद भइरहेको आरोप लगाएका छन् । न्यून पारिश्रमिकमा काम गर्न बाध्य बनाइएका उनीहरू अहिले पाउनुपर्ने रकमसमेत नपाउँदा थप पीडित बनेका

बाँकी तेश्रो पृष्ठमा

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षमाथि राजनीतिक संलग्नताको आरोप, स्थानीय निकाय मौन

शु.आ. सम्बाददाता
बारा, १७ जेठ

बारा जिल्लाको फेटा गाउँपालिका वडा नं. ७ स्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय का विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रधुमन साहमाथि खुला रूपमा राजनीतिमा संलग्न रहेको आरोप लाग्दै आएको छ । विद्यालय जस्तो शैक्षिक संस्थाको नेतृत्व तहमा बसेका व्यक्ति नै दलगत राजनीति, पार्टी प्रचार-प्रसार तथा राजनीतिक गतिविधिमा प्रत्यक्ष रूपमा सक्रिय भएको भन्दै स्थानीय बासिन्दाले गम्भीर असन्तुष्टि व्यक्त गरेका छन्। स्थानीयका अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पद एउटा जिम्मेवार, निष्पक्ष र शैक्षिक वातावरणलाई प्राथमिकता दिने पद हो । तर सम्बन्धित अध्यक्षले सो जिम्मेवारीको मर्मविपरीत राजनीतिक कार्यक्रममा सहभागिता जनाउने, पार्टीका गतिविधिमा खुलेर लाग्ने तथा सामाजिक सञ्जालमार्फत समेत राजनीतिक प्रचार गर्ने गरेको आरोप स्थानीयको छ । उनीहरूले यस्तो गतिविधिले विद्यालयको शैक्षिक वातावरणमै नकारात्मक प्रभाव पार्ने चिन्ता व्यक्त गरेका छन् । नेपाल सरकार तथा शिक्षा सम्बन्धी प्रचलित कानुन, निर्देशिका र आचारसंहिताले विद्यालयलाई राजनीतिक प्रभावबाट टाढा राख्ने उद्देश्य राखेको भए पनि व्यवहारमा त्यसको पालना नभएको आरोप उठ्न थालेको छ । स्थानीय



*तस्बिर : ए आईबाट*

अभिभावक तथा बुद्धिजीवीहरूको भनाइमा, विद्यालय व्यवस्थापन समितिको नेतृत्व गर्ने व्यक्तिले दलगत गतिविधिमा प्रत्यक्ष भूमिका निर्वाह गर्नुले विद्यालयको निष्पक्षता र विश्वसनीयतामाथि प्रश्न उठाउने काम गरेको छ।

यस विषयमा फेटा गाउँपालिकाको शिक्षा शाखा तथा सम्बन्धित स्थानीय निकायले कुनै चासो नदिएको भन्दै समेत आलोचना हुन थालेको छ । "यति धेरै सार्वजनिक रूपमा राजनीतिक गतिविधिमा संलग्न भएको कुरा देखिँदासमेत स्थानीय निकाय मौन बस्नु दुःखद हो," एक स्थानीयले नाम नखुलाउने सर्तमा बताए। उनीहरूको भनाइमा, नियम सबैका लागि समान रूपमा लागू हुनुपर्ने भए पनि यहाँ जिम्मेवार निकाय नै मुखदर्शक बनेको देखिएको छ ।

स्थानीयले सम्बन्धित निकायसँग विषयको निष्पक्ष छानबिन गरी आवश्यक कानुनी तथा प्रशासनिक कदम चाल्न माग गरेका छन् । विद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त राख्दै शैक्षिक गुणस्तर, विद्यार्थीको भविष्य र संस्थागत मर्यादालाई केन्द्रमा राखेर निर्णय लिनुपर्ने उनीहरूको जोड छ । यद्यपि, यस विषयमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रधुमन साह तथा फेटा गाउँपालिकाको आधिकारिक धारणा प्राप्त हुन सकेको छैन । सम्बन्धित पक्षको प्रतिक्रिया प्राप्त भएमा समाचार अद्यावधिक गरिनेछ।

## रौतहटमा सुर्तीजन्य पदार्थरहित दिवस भव्य रुपमा सम्पन्नः जनचेतनामूलक प्रभातफेरि र पैरवी कार्यक्रम

*शु.आ. सम्बाददाता*
*रौतहट, १७ जेठ*

विश्व सुर्तीजन्य पदार्थरहित दिवस को अवसरमा आइतबार रौतहटको सदरमुकाम गौरमा भव्य जनचेतनामूलक प्रभातफेरि तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। सुर्तीजन्य पदार्थको सेवन त्यागौं स्वस्थ जीवनको आधार निर्माण गरौं भन्ने मूल उद्देश्यका साथ जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायहरूको सक्रियतामा उक्त कार्यक्रम आयोजना गरिएको हो।




### प्रभातफेरि तथा प्रदर्शन

आइतबार बिहान गौरको मुख्य चोकबाट सुरु भएको प्रभातफेरि नगरका विभिन्न भागहरूको परिक्रमा गरेको थियो । प्रभातफेरिमा सहभागीहरूले सुर्तीजन्य पदार्थ, मादक पदार्थ र लागुऔषधले स्वास्थ्य र समाजमा पार्ने नकारात्मक प्रभावका विरुद्ध विभिन्न सचेतनामूलक नाराहरू लेखिएका प्लेकार्ड र ब्यानरहरू प्रदर्शन गरेका थिए ।

कार्यक्रमको नेतृत्व जिल्लाका प्रमुख अधिकारीले गरेका थिए। जसमा प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालको विशेष उपस्थिति रहेको थियो । यस्तै सुरक्षा निकायका तर्फबाट जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख, प्रहरी उपरीक्षक सिताराम रिजाल र राष्ट्रिय अनुसन्धान कार्यालय रौतहटका प्रमुख कुमार बुढाथोकी लगायत अन्य सुरक्षा अधिकारीहरूको बाक्लो उपस्थिति थियो ।

### विद्यार्थी र सरोकारवालाको भूमिका

प्रभातफेरिमा सुरक्षाकर्मीहरूका साथै विभिन्न विद्यालयका विद्यार्थीहरू, नागरिक समाजका प्रतिनिधि, स्वास्थ्यकर्मी र सञ्चारकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो । विद्यालयका स-साना विद्यार्थीहरूले लागुऔषध मुक्त समाजको माग गर्दै र सुर्तीजन्य पदार्थको बिक्री वितरणमा कडाइ गर्नुपर्ने सन्देश प्रवाह गरेका थिए ।

### अन्तरक्रिया तथा पैरवी कार्यक्रम

प्रभातफेरिपश्चात् आयोजित अन्तरक्रिया तथा पैरवी कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले सुर्तीजन्य पदार्थ र लागुऔषध नियन्त्रण केवल प्रहरी वा प्रशासनको मात्र जिम्मेवारी नभई सम्पूर्ण समाजको सामूहिक दायित्व भएको बताए ।

सुर्तीजन्य र मादक पदार्थले युवा पुस्तालाई गलत बाटोमा डोऱ्याइरहेको छ। यसको न्यूनिकरणका लागि घर विद्यालय र समुदायबाटै अभियान सुरु गर्न आवश्यक छ प्रजिअ भुषालले जोड दिए ।

त्यस्तै प्रहरी उपरीक्षक सिताराम

बाँकी तेश्रो पृष्ठमा

## रसायन प्रयोग गरी पकाइएका फलले उपभोक्ताको स्वास्थ्य जोखिममा, नियमन निकाय मौन

*शु.आ. सम्बाददाता*
*बारा, १७ बैशाख*

गर्मी मौसम सुरु भएसँगै बजारमा फलफूलको राजा मानिने आँपको व्यापार तीव्र बनेको छ । तर उपभोक्ताको भान्सासम्म पुगिरहेको अधिकांश आँप प्राकृतिक रूपमा रुखमै पाकेको नभई विभिन्न रसायन प्रयोग गरेर कृत्रिम रूपमा पकाइएको हुन सक्ने गम्भीर आशंका बढेको छ । जिल्लाका विभिन्न बजार, चोक, सडक किनार र फलफूल पसलहरूमा रुखमा नपाक्दै टिपिएका आँप निर्बाध रूपमा बिक्री भइरहेका छन् । यसले उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष जोखिम बढाएको भन्दै सरोकारवालाहरूले स्थानीय तह तथा नियमनकारी निकायको ध्यानाकर्षण गराएका छन्। स्थानीय बजारमा यतिबेला आकर्षक पहेँलो रंगका आँपहरू प्रशस्त देखिन्छन् । तर धेरैजसो आँप भित्रबाट काँचो, स्वादहीन र गुणस्तरहीन हुने गरेको उपभोक्ताको गुनासो छ । फलफूल व्यवसायमा संलग्न केही व्यापारीहरूले छिटो नाफा कमाउने उद्देश्यले रुखबाट काँचै आँप टिपेर विभिन्न रसायन प्रयोग गरी कृत्रिम रूपमा पकाउने गरेको आरोप लाग्दै आएको छ।



स्वास्थ्य क्षेत्रका जानकारहरूका अनुसार प्राकृतिक रूपमा पाकेको आँपमा पाइने पोषक तत्व र स्वाद कृत्रिम रूपमा पकाइएको आँपमा पर्याप्त मात्रामा विकसित हुँदैन । अझ कतिपय अवस्थामा प्रयोग हुने रसायनले मानव स्वास्थ्यमा दीर्घकालीन असर पार्न सक्छ । यस्ता फलफूलको नियमित सेवनले पेटसम्बन्धी समस्या, एलर्जी, वान्ता, टाउको दुख्ने लगायतका स्वास्थ्य समस्या निम्त्याउन सक्ने विज्ञहरू बताउँछन् ।

उपभोक्ताहरूको भनाइमा बजारमा बिक्री भइरहेका आँपको गुणस्तर परीक्षण गर्ने प्रभावकारी संयन्त्र नहुँदा व्यापारीहरू मनपरी गर्न उत्साहित देखिएका छन् । "बाहिरबाट हेर्दा पाकेको देखिन्छ, घर लगेर काट्दा भित्र हरियो हुन्छ। स्वाद पनि हुँदैन," एक उपभोक्ताले गुनासो गरे।

खाद्य प्रविधि तथा गुण नियन्त्रणसँग सम्बन्धित निकायहरूले समय-समयमा बजार अनुगमन गर्ने दाबी गरे पनि व्यवहारमा त्यसको प्रभाव देखिन सकेको छैन । स्थानीय तह, जिल्ला प्रशासन, खाद्य प्रविधि कार्यालय तथा उपभोक्ता अधिकारसँग सम्बन्धित निकायहरूको नियमित अनुगमन

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### प्रधानमन्त्री कप छनोट : रौतहटका छोरीमाथि बढ्दो अपेक्षा

रौतहटको महिला क्रिकेट टोली प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको प्रदेश स्तरीय छनोट खेल्न सप्तरीको राजविराजतर्फ प्रस्थान गरेको छ । टोलीलाई गरिएको बिदाइले जिल्लामा महिला क्रिकेटप्रतिको उत्साह र विश्वास झन् स्पष्ट बनाएको छ ।

पछिल्ला वर्षहरुमा रौतहटले महिला क्रिकेटमा उल्लेखनीय प्रगति गरेको छ । यहाँबाट उत्पादन भएका खेलाडीहरुले प्रदेश र राष्ट्रिय स्तरसम्म आफ्नो क्षमता प्रदर्शन गर्दै जिल्लाको पहिचान स्थापित गरेका छन् । सीमित स्रोत-साधनका बाबजुद महिला खेलाडीहरुको निरन्तर मेहनत र समर्पण प्रशंसनीय छ ।

खेलकुदले व्यक्तिको प्रतिभा मात्र होइन, अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमताको पनि विकास गर्छ । महिला क्रिकेटमा बढ्दो सहभागिताले समाजमा सकारात्मक सन्देश प्रवाह गरिरहेको छ । यसले खेलकुद क्षेत्रमा महिलाको उपस्थितिलाई थप बलियो बनाउने काम गरेको छ ।

यसपटकको छनोट प्रतियोगितामा रौतहटलाई बलियो टोलीका रुपमा हेरिएको छ । खेलाडीहरुको तयारी, अनुभव र उत्साहले राम्रो नतिजाको आशा जगाएको छ । तर सफलता हासिल गर्न निरन्तर मेहनत, एकता र आत्मविश्वास आवश्यक हुन्छ ।

रौतहटका खेलाडीहरुले राजविराजमा उत्कृष्ट प्रदर्शन गर्दै जिल्लाको गौरव बढाउने अपेक्षा गरिएको छ । उनीहरुको सफलता आगामी पुस्ताका महिला खेलाडीहरुका लागि प्रेरणाको स्रोत बन्ने निश्चित छ ।

# चुनावी वाचा-पत्रदेखि बजेटसम्म



डा. बलराम तिमल्सिना

रास्वपाको वाचापत्र र सरकारी नीति तथा कार्यक्रममा उल्लेख भएका नयाँ र बजेट आवश्यक पर्ने क्रियाकलाप कार्यान्वयन नहुने देखिन्छ।

आमनिर्वाचन सम्पन्न भयो र राष्ट्रिय स्वतन्त्र पार्टीको करिब दुईतिहाइको सरकार पनि बन्यो। सरकारको नीति तथा कार्यक्रम संसद्ले परित गरिसकेको छ भने अर्थमन्त्रीले पेस गरेको बजेटमा सांसदरू छलफल गरिरहेका छन् । निर्वाचनका क्रममा सबै राजनीतिक दलले मतदाताको मन जित्न विभिन्न आकर्षक नारा दिए, सपना देखाए र आश्वासन बाँडे ।

हाल सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीले पनि १०० बुँदे वाचापत्र सार्वजनिक गऱ्यो। नेपाली राजनीतिमा नयाँ अभ्यासको रूपमा वाचापत्रमा ल्याप्चे लगाउँदै रास्वपाले नागरिकसँग सांकेतिक करार नै गऱ्यो। करार कति इमान्दारीपूर्वक पालना हुन्छ, ५ वर्षपछि भनौंला । जनतासँग गरेका वाचा सत्तारूढ दलले नीति कार्यक्रम र बजेटमार्फत कार्यान्वयनमा लैजान्छ भने प्रतिपक्षमा रहने दलहरूले जनपक्षीय कार्यक्रमहरू लागू गर्न सरकारलाई दबाब दिने गर्छन् ।

यो लेखमा शिक्षा सम्बन्धमा सत्तारूढ दल रास्वपाले जनतासँग के करार गरेको थियो ?, सरकारको १०० बुँदे कार्यसूचीमा के समेटियो ?, नीति तथा कार्यक्रममा के आयो ? र भरखरै सदनमा पेस भएको बजेटले ती सबैलाई कति प्राथमिकता दियो ? आदि हेर्ने प्रयास गरिएको छ।

शिक्षासम्बन्धी चुनावी वाचापत्र : राष्ट्रिय स्वतन्त्र पार्टीले सार्वजनिक गरेका १०० बुँदे वाचापत्रको बुँदा नं ६१ देखि ६५ सम्म विद्यालय शिक्षा समेटिएको छ। बुँदा नं ६१ म विद्यालय र विश्वविद्यालयलाई राजनीतिको अखडा हुनबाट रोक्ने, बुँदा नं ६२ मा सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा आमूल सुधार गर्ने र आगामी दुई दशकसम्म उल्लेख्य लगानी वृद्धि गर्ने उल्लेख छ। बुँदा नं ६३ मा निजी क्षेत्रलाई सेवामुखी, उत्तरदायी र गुणस्तर बनाउने तथा शुल्क संरचना, सेवा मापदण्ड, शिक्षक योग्यता, पूर्वाधार र शैक्षिक परिणामको आधारमा नियमन तथा अनुगमन प्रणाली सुदृढ गर्ने र शिक्षालाई नाफामुखीभन्दा सेवामुखी रूपमा व्यवस्थित गर्दै समान अवसर, पारदर्शिता एवं सामाजिक उत्तरदायित्व सुनिश्चित गरिने उल्लेख छ । बुँदा नं ६४ मा हरेक प्रदेशमा कम्तीमा एक अत्याधुनिक समावेशी विद्यालय स्थापना गर्ने उल्लेख छ भने बुँदा नं ६५ मा शिक्षकको निरन्तर पेसागत विकास र मौलिक सीप र कलालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न गुरु चेला परम्परामा आधारित विशेष छात्रवृत्ति र तालिम कार्यक्रममार्फत सांस्कृतिक पुनर्जागरण अभियान सञ्चालन गर्ने विषय वाचा पत्रमा समावेश गरिएको छ।

१०० बुँदे कार्यसूचीमा कम प्राथमिकतामा पऱ्यो शिक्षा : नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नं १५ मा शिक्षकको सिटरोल दर्ता तथा अवकाशपश्चात्को सेवा सुविधा व्यवस्थापन आगामी आर्थिक वर्षदेखि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयबाट मिलाउने उल्लेख गरिएको छ। 'स्वास्थ शिक्षा र मानव विकास' शीर्षकअन्तर्गत बुदा नं ८६ देखि ८९ सम्म शिक्षा समेटिएको छ। यसमा विद्यार्थी संगठन खारेज गर्ने, विश्वविद्यालयहरूले शिक्षा मन्त्रालयले उपलब्ध गराएको क्यालेन्डरअनुसार परीक्षाको नतिजा प्रकाशन गर्ने, स्नातक तहसम्म अध्ययन गर्न नागरिकता नचाहिने र कक्षा ५ सम्मका विद्यार्थीलाई आगामी शैक्षिक सत्रदेखि आन्तरिक परीक्षा लिन बन्द गर्ने भनिएको छ । यो १०० बुँदे कार्यसूचीमा शिक्षाको गुणस्तर अभिवृद्धि, शिक्षक दरबन्दी, पाठ्यक्रम सुधार, शिक्षकको पेसागत विकास आदिको बारेमा कतै उल्लेख भएको पाइँदैन ।

नीति तथा कार्यक्रमा शिक्षा : नेपाल सरकारको नीति तथा कार्यक्रमको बुँदा नं ४५ देखि ४९ सम्म शिक्षा समेटिएको छ । यसमा चार विषय महत्वपूर्ण छन् । पहिलो माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने, दोस्रो सबै तहको पाठ्यक्रमको समयसापेक्ष पुनरावलकोन गर्ने, तेस्रो सार्वजनिक शिक्षामा लगानी बढाउने र चौथो १० हजार विद्यालयमा उच्च गतिको इन्टरनेटसहितको इलर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गर्ने रहेका छन् । यसका अतिरिक्त उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम, अटिजम तथा न्युरोडायभर्सिटी बालबालिकाका लागि थेरापी सेवा, सहयोगि प्रविधि, विशेष तालिम प्राप्त शिक्षकको व्यवस्था र समावेशी विद्यालय प्रणाली विकास गरिनेछ ।

उल्लिखित सबै कार्य गर्न ठूलो बजेटको आवश्यकता हुन्छ। यी विषयका साथै विपन्न, सीमान्तीकृत, दलित, आदिवासी जनजाति, अपांगता भएका तथा पिछडिएका क्षेत्रका बालबालिकालाई गुणस्तरीय शिक्षामा समान पहुँच पुऱ्याउने, शिक्षक नियुक्ति, पदोन्नति र मूल्यांकन प्रणालीलाई योग्यतामा आधारित एवं पारदर्शी बनाउने, उच्च शिक्षालाई श्रम बजारसँग आबद्ध गर्ने तथा विश्वविद्यालयको प्राज्ञिक तथा शासकीय पुनर्संरचना गर्ने कुरा पनि नीति तथा कार्यक्रममा छन्।

कति प्राथमिकतामा पऱ्यो बजेटमा शिक्षा ? : सत्तारूढ दलको घोषणापत्र र सरकारको बजेटलाई निर्देशित गर्ने नीति तथा कार्यक्रम हेर्दा यसपटक शिक्षाको बजेट बढ्नुपर्ने हो । बजेट आइसकेको छ । अब हेरौं, सत्तारूढ दलको प्रतिबद्धता र सरकारको नीति तथा कार्यक्रमअनुसार बजेट आयो कि आएन ? शिक्षाले कति बजेट पायो र के केमा पायो। बजेट भाषणको बुँदा नं ४७ मा ९ वटा उपबुँदामा शिक्षाका क्रियाकलाप समेटिएको छ । यी क्रियाकलाप हेर्दा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ठोस र विश्वासिलो आधार देखिँदैन।

रास्वपाको वाचापत्र र सरकारको नीति तथा कार्यक्रम दुवैमा शिक्षामा लगानी उल्लेख्य रूपमा बढाउने भनिएको थियो । तर, जेठ १५ गते संयुक्त सदनमा पेस भएको शिक्षाको बजेट हेर्दा वाचापत्र र नीति तथा कार्यक्रममा भने जस्तो देखिएन। कुल बजेट बढेको कारण शिक्षाको बजेटको अंक बढेको छ । तर, प्रतिशतमा हेर्दा आगामी आर्थिक वर्षको शिक्षाको बजेट १०.२८ को हाराहारीमा मात्र छ । गएको ५ आर्थिक वर्षको शिक्षाको बजेट क्रमशः १०.९३, १०.९८, ११.२७, ११.२६ र १०.७९ प्रतिशतको हाराहारीमा थियो । गत वर्षहरूमा विज्ञान तथा प्रविधि पनि शिक्षासँगै हुन्थ्यो ।

यस वर्ष विज्ञान प्रविधि र नवप्रवर्तनमा ४ अर्ब विनियोजन गरेको देखिन्छ । विज्ञान तथा प्रविधिसमेतलाई जोड्दा पनि करिब १०.४७ प्रतिशत मात्र हुन आउँछ । त्यसैले शिक्षामा गत वर्षभन्दा कम बजेट विनियोजन भएको छ । सत्तारूढ दलले गरेको वाचा र सरकारको नीति तथा कार्यक्रममा समावेश शिक्षाको गुणस्तर अभिवृद्धिलगायत वचन पूरा गर्न यो बजेट पर्याप्त छैन। शिक्षकको तलब भत्ता २१ प्रतिशतले बढ्यो । निवृत्त शिक्षकको निवृत्तिभरण पनि बढ्यो । विनियोजित बजेटले नयाँ कार्यक्रम सञ्चालन गर्न त परै जाओस् बहालवाला र निवृत्त शिक्षकको बढेको तलब भत्ता र निवृत्तिभरण पनि पुग्छ कि पुग्दैन शंका लाग्छ।

अब रास्वपाको वाचापत्र र सरकारी नीति तथा कार्यक्रममा उल्लेख भएका नयाँ र बजेट आवश्यक पर्ने क्रियाकलापहरू कार्यान्वयन नहुने देखिन्छ। जस्तै सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा आमूल सुधार गर्ने, १० हजार लिद्यालयमा उच्च गतिको इन्टरनेटसहितको इलर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गर्ने, उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सुरु गर्ने, तथा अटिजम र न्युरोडायभर्सिटी बालबालिकाका लागि थेरापी सेवा, सहयोगि प्रविधि, विशेष तालिम प्राप्त शिक्षकको व्यवस्था र समावेशी विद्यालय प्रणाली विकास गर्ने जस्ता कार्यक्रमले ठूलो बजेटको माग गर्दछ, जुन यो बजेटमा व्यवस्था भए जस्तो देखिँदैन ।

रास्वपाको वाचापत्र र सरकारको नीति तथा कार्यक्रम दुवैमा शिक्षामा लगानी उल्लेख्य रूपमा बढाउने भनिएको थियो । तर, जेठ १५ गते संयुक्त सदनमा पेस भएको शिक्षाको बजेट हेर्दा वाचापत्र र नीति तथा कार्यक्रममा भने जस्तो देखिएन ।

अर्को गम्भीर विषय हो विगत सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा घोषणा गरको तर विद्यालयले वास्तविक रूपमा कार्यान्वयन गर्न नसकेको अवस्थामा यो सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने भन्ने उल्लेख थियो । जसको लागि अतिरिक्त बजेटको आवश्यकता छ । अहिले गुणस्तर सुधारमा उल्लेखनीय योगदान पुऱ्याइरहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकको टाउको दुखाइको विषय हो- माध्यमिक तहसम्म केही पनि नाममा शुल्क उठाउन नपाउनु। विद्यार्थी संख्याअनुसार शिक्षक दरबन्दी छैन, अभिभावक कम्प्युटर शिक्षा पढाउ भन्छन् विद्यालयमा उक्त दरबन्दी छैन, अतिरिक्त क्रियाकलाप गर्न, विद्युत्, पानी, इन्टरनेट आदि शीर्षकमा पुग्दो रकम छैन। कम्प्युटर विज्ञान सामग्री मर्मत गर्ने रकम छैन । अभिभावक भेला, व्यवस्थापन समिति शिक्षक अभिभावक संघ र शिक्षक स्टाफको बैठक बस्दा चिया पिउने बजेटको व्यवस्थासम्म छैन विद्यालयमा।

विद्यालय व्यवस्थापन समितिको निर्णयबाट केही रकम उठाउँदा प्रअले गाली खानु पर्छ। मलाई लागेको थियो कि यो विषयमा सरकार गम्भीर हुन्छ र यीमध्ये केही शीर्षकमा बजेट विनियोजन गर्छ । त, त्यो भएन । सरकारको प्रतिबद्धताअनुसार साँच्चै माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्न अहिलेको बजेटले मात्र सम्भावना छैन । शिक्षा मन्त्रालयका कर्मचारीसँग होइन, माध्यमिक तहका प्रधानाध्यापकसँग छलफल गर्दा मात्र अर्थमन्त्रीलाई थाहा हुन्छ कि एउटा विद्यालयमा केकेमा खर्च हुन्छ र बजेट केकेमा विनियोजित गर्नुपर्छ भनेर । अर्कोपटकको बजेट निर्माण प्रक्रियामा अर्थमन्त्रीले विचार पुऱ्याउनु पर्छ ।

विद्यालय शिक्षाको गुणस्तर साँच्चै सुधार गर्ने हो भने शिक्षकको पेसागत विकास, प्रधानाध्यापकको नेतृत्व विकास, विद्यालय स्तरका नवप्रवर्तनात्मक कार्य, प्रविधिमा आधारित शिक्षण सिकाइ, नवीनतम पाठ्यसामग्री आदि क्षेत्रमा बजेट र कार्यक्रम आवश्यक हुन्छ । तर, यो बजेट हेर्दा परम्परागत कार्यक्रमबाहेक शिक्षामा अन्य नयाँ केही हुने देखिएन। सत्तारूढ दल, सरकार र शिक्षामा विनियोजित बजेटका बारेमा शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्लेले भिडियोमार्फत सार्वजनिक गर्नु भएको विचार अत्यन्त सान्दर्भिक देखिन्छ । उहाँ भन्नुहुन्छ, 'चुनावको वेलामा अहिलेको सत्तारूढ दलले शिक्षामा उल्लेख्य लगानी वृद्धि गर्दै गुणस्तरमा सुधार गर्ने र प्राविधिक शिक्षामा जोड दिइने छ भन्यो। आजको बजेटले ती सबै हावा रहेछन् भन्ने देखायो ।'

'विगतका जस्तै यो सरकारले पनि सार्वजनिक शिक्षालाई उपेक्षा गऱ्यो र सार्वजनिक शिक्षाको उत्थान हुने हाम्रो सपनामा कुठाराघात भयो । उहाँ सरकारलाई सुझाव दिँदै भन्नुहुन्छ : अझै समय छ, यदि देशको आर्थिक, समाजिक र सांस्कृतिक उत्थान गर्ने हो भने शिक्षामा लगानी बढाउ ।' उहाँको भनाइ छ। बजेटको प्रतिशत घटेको भए पनि शिक्षा क्षेत्र सुधारमा दुरगामी महत्व राख्ने जस्तै समग्र शैक्षिक इकोसिस्टममा प्रणालीगत पुनर्संरचना गर्ने र विशेषतः राष्ट्रिय विद्यालय नक्सांकन र पूर्वाधार अडिट तथा राष्ट्रिय योग्यता ढाँचा ररु पूर्व सिकाइ मान्यताको कार्यान्वन गर्ने विषय महत्वपूर्ण छन्।

तर, यसका लागि कानुनी र संरचनागत प्रबन्ध यथाशीघ्र चाँडो गर्नुपर्छ अन्यथा यो प्रतिबद्धतामा नै सीमित रहन्छ। अन्त्यमा, सामाजिक सञ्जालमा सूर्यनाथ कोइरालाले वाचा र बजेटभन्दा उपलब्धि हेरौं कि भन्ने सुझावलाई सकारात्मक रूपमा लिँदै विद्यालय सुशासनमा कठोरता, शिक्षक व्यवस्थापनमा नवीनता, पाठ्यक्रम र पाठ्यपुस्तकमा सुधार, शिक्षक विद्यार्थी र अभिभावकमा सकारात्मक ऊर्जा भर्न सकिएमा अहिलेकै बजेटबाट पनि सुधारलाई गति दिन सकिन्छ। आशा गरौं- मन सरले भने झैं अझै समय छ ।


## जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसाजै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा


'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# ‘इरानले अमेरिकी लडाकु विमान काँधबाट हान्न मिल्ने चिनियाँ मिसाइलले खसालिदियो’

***वाशिंगटन-*** गत महिना दक्षिणपश्चिमी इरानमाथि अमेरिकी एफ-१५ लडाकु विमान खसाल्न सम्भवतः चिनियाँ निर्मित काँधबाट प्रक्षेपण गर्न सकिने मिसाइल प्रयोग गरिएको समाचार सार्वजनिक भएको छ ।

अमरेरिकाको चर्चित अनलाइन एनबीसी न्यूजका अनुसार काँधबाट हान्न सकिने उक्त मिसाइले त्यो अत्याधुनिक लडाकु विमान खसालेको विवरण मिलेको हो ।

संघर्षको शुरुवाती दिनहरूमा चीनले इरानलाई स्टेल्थ विमान पत्ता लगाउने लामो दूरीको प्रारम्भिक चेतावनी राडार पनि उपलब्ध गराएको हुन सक्ने अमेरिकी पक्षको अनुमान छ ।

अमेरिकी अधिकारीहरू अझै पनि गत अप्रिलमा अमेरिकी एफ-१५घई स्ट्राइक इगल विमान खसालिएको घटनाको परिस्थितिबारे अनुसन्धान गरिरहेका छन् । यो दशकौँपछि पहिलो पटक अमेरिकी लडाकु विमान शत्रुको गोलीबाट खसालिएको घटना हो ।

लडाकु विमान खसाल्ने यो सैन्य उपकरण चीनबाट कहिले हस्तान्तरण गरियो भन्ने स्पष्ट छैन । तर इरानले चीनमा निर्मित हतियार प्रयोग गरेकोले दुई देशबीचको सम्बन्धलाई जटिल बनाएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनको सहयोग खोजिरहेका बेला उनको फाइटर जेट झारिएको हो ।

युद्ध समाप्त गर्नका लागि वार्ता भइरहेको छ, तर अमेरिकाले आफ्नो रक्षाका लागि भन्दै निरन्तर हवाई हमला गरिरहेको छ ।

ट्रम्प प्रशासनले राष्ट्रपति सी चिनफिङसँग महत्वपूर्ण बैठकअघि इरानसँग युद्धविराम भएको थियो । इरानी तेल निर्यातको प्रमुख खरिदकर्ता भएको नाताले चीनका नेताहरूले युद्ध छिट्टै समाप्त हुनुपर्ने बताएका छन् ।



‘हामी विश्वव्यापी तेल मूल्यको प्रभावबाट पूर्ण मुक्त छैनौं किनकि हामी पनि विश्व बजारबाट किन्छौं, तर संसारका अन्य देशहरूले धेरै बढी मूल्य तिरिरहेका छन्,’ विदेशमन्त्री मार्को रुबियोले चीन भ्रमणका क्रममा एनबीसी न्यूजलाई भनेका थिए, ‘उनीहरूले पनि यसमा संलग्न हुनुपर्छ ।’ तर रुबियोले ट्रम्प अहिले सी चिनफिङमा निर्भर नभएको बताएका थिए । ‘हामी चीनको सहयोग मागिरहेका छैनौं । हामीलाई उनीहरूको सहयोग आवश्यक छैन’, उनले भनेका थिए । विमान खसालिएको बेला ट्रम्पले यो काँधबाट प्रक्षेपण गर्न सकिने मिसाइलले प्रहार गरेको बताएका थिए । करिब ७ फिट लामो र ४० पाउन्ड तौलको यस्ता हतियारलाई ‘म्यान प्याड्स’ पनि भनिन्छ, जसले कम उचाइमा उडेका विमानलाई सस्तो र प्रभावकारी रुपमा खसाल्न सक्छ ।

त्यसबेला एफ-१५ विमानका दुई सदस्यहरूले सुरक्षित रूपमा इजेक्ट गरेका थिए । पेन्टागनका अनुसार पाइलटलाई ७ घण्टाभित्र उद्धार गरियो, तर हतियार प्रणाली अधिकारीलाई जाग्रोस माउन्टेनको पहाडी क्षेत्रमा दुई दिनपछि मात्रै फेला पारेर उद्धार गरिएको थियो ।

ह्वाइट हाउसले एनबीसी न्यूजलाई राष्ट्रपति ट्रम्पले फक्स न्यूजलाई दिएको अन्तर्वार्ताको टिप्पणीबारे पनि बोलेको थियो ।

त्यसबेला ह्वाइट हाउसले राष्ट्रपति सी चिनफिङले चीनले इरानलाई कुनै सैन्य उपकरण नदिने आश्वासन दिएको बताएका थिए ।

ह्वाइट हाउसमा गरेको अर्को टिप्पणीमा ट्रम्पले भनेका थिए: ‘राष्ट्रपति सीले मलाई हतियार नपठाउने प्रतिज्ञा गर्नुभएको छ । यो सुन्दर प्रतिज्ञा हो । म उहाँको शब्दमा विश्वास गर्छु ।’

एफ-१५ खसालिएको विषयमा चिनियाँ दूतावासका प्रवक्ताले भनेका छन्, ‘चीन सैन्य उत्पादन निर्यातमा सधैं सतर्क र जिम्मेवार रहन्छ । चीनको कानुन तथा अन्तर्राष्ट्रिय दायित्व अनुसार कडा नियन्त्रण गर्छ । चीन निराधार आरोप र दुर्भावनापूर्ण सम्बन्ध जोड्ने कार्यको विरोध गर्छ ।’

अमेरिकी गुप्तचर रिपोर्ट अनुसार चीनले आगामी हप्ताहरूमा इरानलाई नयाँ एयर डिफेन्स हतियार उपलब्ध गराउने योजना बनाइरहेको थियो । काँधबाट प्रक्षेपण हुने मिसाइल हालै इरानलाई दिइएको हो वा वर्षौंअघि स्टकमा रहेका पुराना हतियारबाट प्रयोग गरिएको हो भन्ने स्पष्ट छैन । राडार (वाईएलसी-८बी) युद्धका क्रममा प्रयोगमा आएको हो वा होइन पनि स्पष्ट छैन ।

गत महिना ट्रम्प प्रशासनले चीनले इरानलाई आफ्ना उपग्रहहरू उपलब्ध गराएर अमेरिकी सेनालाई लक्षित गर्न सहयोग गरेको आरोप लगाएको थियो । अमेरिकी विदेश मन्त्रालयले तीन चिनियाँ उपग्रह कम्पनीहरूमाथि प्रतिबन्ध लगाएको थियो । चीनले आरोप अस्वीकार गरेको छ ।

‘अमेरिका चीनले इरानलाई के गरिरहेको छ भन्ने सबै कुरा जानकार छ’, एक अमेरिकी अधिकारीले बताए, ‘चीनले युद्धअघि पनि इरानलाई सहयोग गरिरहेको थियो । युद्धका क्रममा दिइएको सहयोगले युद्धक्षेत्रमा कुनै ठूलो प्रभाव पारेको छैन ।’

‘यो महत्वपूर्ण सहयोग थिएन । यसले कुनै निर्णायक सैन्य प्रभाव पारेन,’ ती अधिकारीले भने ।

चीनले १९८० र १९९० को दशकमा इरानलाई ठूलो मात्रामा हतियार बेचेको थियो, जसमा ब्यालिस्टिक मिसाइल, एन्टी-शिप मिसाइल, ट्याङ्क, तोप र लडाकु विमान समावेश थिए ।

तर २००६ मा संयुक्त राष्ट्रसंघले इरानमाथि हतियार प्रतिबन्ध लगाएपछि चीन ठूला हतियार बिक्रीबाट पछि हटेको । त्यसपछि चीनले दोहोरो उपयोग (नागरिक र सैन्य) हुने प्रविधि तथा कम्पोनेन्टहरू उपलब्ध गराउन थाल्यो ।

इरानले आफ्नै देशभित्र हतियार उत्पादन उद्योग विकास गरेको छ । चीनले अमेरिकी प्रतिबन्धका बाबजुद पनि वर्षौंदेखि इरानलाई आर्थिक रूपमा सहयोग दिइरहेको छ । चीनले प्रविधि र दोहोरो उपयोगका सामग्री उपलब्ध गराएर इरानको आन्तरिक निगरानी प्रणाली र सैन्य क्षमता बलियो बनाउन मद्दत गरेको छ ।

## बालविकास..........

छन् । यस विषयमा कलैया उपमहानगरपालिकाका शिक्षा महाशाखा प्रमुख राजिव कुमार यादवसँग प्रतिक्रिया माग्दा आन्तरिक स्रोतमा रकम अभाव भएकाले स्थानीय तहबाट उपलब्ध गराइने रकम वितरण गर्न नसकिएको स्वीकार गरे । उनले भने, “उपमहानगरपालिकाको आन्तरिक स्रोतमा अपेक्षित आम्दानी नभएकाले भुक्तानी रोकिएको हो । तर जेठ महिनाको अन्तिमसम्म सबै बक्यौता रकम एकमुष्ट रूपमा उपलब्ध गराउने तयारी भइरहेको छ ।” तर शिक्षा क्षेत्रका जानकारहरू भने स्थानीय तहले शिक्षा जस्तो संवेदनशील क्षेत्रमा कार्यरत जनशक्तिको पारिश्रमिक महिनौंसम्म रोक्नु गम्भीर गैरजिम्मेवारी भएको बताउँछन् । उनीहरूका अनुसार विकास निर्माणका विभिन्न कार्यक्रम सञ्चालन भइरहेका बेला बालबालिकाको आधारभूत शिक्षासँग प्रत्यक्ष जोडिएका सहजकर्ताको तलब रोकिनु प्राथमिकताको अभावको उदाहरण हो । बाल अधिकार तथा शिक्षाको गुणस्तरबारे चर्का भाषण गर्ने स्थानीय सरकारकै कारण प्रारम्भिक बालशिक्षाको मेरुदण्ड मानिने सहजकर्ताहरू आर्थिक संकटमा धकेलिनु विडम्बनापूर्ण भएको सरोकारवालाहरूको भनाइ छ । यदि तत्काल भुक्तानीको व्यवस्था नभए यसले बालविकास केन्द्रको सञ्चालन र बालबालिकाले पाउने सेवाको गुणस्तरमा समेत प्रत्यक्ष असर पार्न सक्ने चेतावनी उनीहरूले दिएका छन् । बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्ने जिम्मा पाएका सहजकर्ताहरू आज आफ्नै भविष्यको चिन्तामा डुब्न बाध्य भएका छन् । अब प्रश्न उठेको छ–स्थानीय सरकारले उनीहरूको पीडा सुन्नेछ कि आश्वासनमै सीमित रहनेछ?

## सुर्तीजन्य......

रिजालले लागुऔषध नियन्त्रणका लागि जिल्ला प्रहरी कार्यालयले अपरेसन सँगसँगै अवेयरनेस (सचेतना) लाई पनि उत्तिकै प्राथमिकता दिएको जानकारी दिए । उनले सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार रोक्न र विद्यालयस्तरमा सचेतना फैलाउन प्रहरी सदैव तत्पर रहेको उल्लेख गरे ।

कार्यक्रममा मुख्य गरी निम्न विषयहरूमा छलफल र पैरवी गरिएको थियो: सार्वजनिक स्थलहरूमा धूम्रपान र मद्यपान निषेधको प्रभावकारी कार्यान्वयन, विद्यालय क्षेत्रको १०० मिटर वरिपरि सुर्तीजन्य पदार्थको बिक्री वितरणमा पूर्ण बन्देज, युवाहरूलाई लागुऔषधको कुलतबाट जोगाउन खेलकुद र रचनात्मक कार्यमा संलग्न गराउने,

घरेलु मदिरा र सीमावर्ती क्षेत्रबाट हुने अवैध लागुऔष ओसारपसारमा कडाइ, कार्यक्रमको समापन गर्दै आयोजकले आगामी दिनहरूमा पनि यस्ता सचेतनामूलक अभियानलाई जिल्लाका सबै स्थानीय तहसम्म पुर्‍याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## रसायन..........

अभावमा कृत्रिम रूपमा पकाइएका फलफूलको कारोबार बढ्दै गएको उपभोक्ता अधिकारकर्मीहरूको भनाइ छ । विशेषज्ञहरूका अनुसार प्राकृतिक रूपमा पाकेको आँपमा सुगन्ध, स्वाद र रंग समान रूपमा विकसित हुन्छ भने कृत्रिम रूपमा पकाइएको आँपमा बाहिरी भाग पहेँलो भए पनि भित्री भाग काँचो रहने सम्भावना बढी हुन्छ । त्यसैले उपभोक्ताले आँप खरिद गर्दा गुणस्तर र स्रोतबारे सचेत हुन आवश्यक रहेको उनीहरूको सुझाव छ । यस विषयमा स्थानीय तह र सम्बन्धित निकायहरूले तत्काल प्रभावकारी बजार अनुगमन सञ्चालन गर्नुपर्ने माग बढेको छ । उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले कृत्रिम रूपमा फल पकाउने तथा गुणस्तरहीन फलफूल बिक्री गर्ने व्यापारीमाथि कडा कारबाही गर्नुपर्ने आवाज उठ्न थालेको छ ।

फलफूलको राजा मानिने आँप स्वाद र स्वास्थ्यका लागि लाभदायक मानिन्छ । तर नाफामुखी प्रवृत्ति र कमजोर नियमनका कारण यही आँप उपभोक्ताका लागि जोखिमको कारण बन्न थालेको छ । सम्बन्धित निकाय समयमै सचेत नभए उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने भन्दै सरोकारवालाहरूले तत्काल कडा कदम चाल्न आग्रह गरेका छन् ।

# सिसिटिभीको सहयोगमा साइकल चोर पक्राउ, पाँच वटा चोरीका साइकल बरामद

***शु.आ. सम्बाददाता***
***वीरगंज, १७ जेठ***

पर्सा प्रहरीले साइकल चोरीका घटनामा संलग्न एक व्यक्तिलाई पाँच वटा चोरी भएका साइकलसहित पक्राउ गरेको छ । आधुनिक प्रविधि र सिसिटिभी विश्लेषणको प्रयोगमार्फत प्रहरीले चोरीमा संलग्न व्यक्तिलाई पहिचान गरी नियन्त्रणमा लिन सफल भएको हो ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका-२४ रामगढवाका २६ वर्षीय लाल महम्मद अन्सारी रहेका छन् ।

घटनाको सुरुवात बाराको प्रसौनी गाउँपालिका-५ प्रस्टोकाका २२ वर्षीय विशाल शाहले आफ्नो साइकल चोरी भएको भन्दै प्रहरीमा दिएको उजुरीबाट भएको थियो । शाहले जेठ १३ गते वीरगन्ज महानगरपालिका-१५ स्थित नेशनल मेडिकल कलेज परिसरमा पार्किङ गरेर राखेको साइकल हराएको जानकारी दिँदै खोजतलासका लागि वडा प्रहरी कार्यालय श्रीपुरमा निवेदन दिएका थिए । उजुरी प्राप्त भएपछि प्रहरीले घटनास्थल आसपासका सिसिटिभी फुटेज संकलन गरी विस्तृत अध्ययन तथा प्राविधिक विश्लेषणमार्फत अनुसन्धान अघि बढाएको थियो । अनुसन्धानकै क्रममा प्रहरीले लाल महम्मद अन्सारीलाई



नियन्त्रणमा लिएको हो । प्रहरीले अन्सारीको साथबाट शाहको चोरी भएको साइकल फेला पार्नुका साथै थप चार वटा चोरीका साइकल समेत बरामद गरेको जनाएको छ । बरामद साइकलहरू विभिन्न स्थानबाट चोरी गरिएका हुनसक्ने आशंकामा प्रहरीले सम्बन्धित व्यक्तिको पहिचान तथा थप अनुसन्धान गरिरहेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले पक्राउ परेका अन्सारीविरुद्ध चोरी सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी कानुनी प्रक्रिया अगाडि बढाइएको जनाएको छ । साथै बरामद पाँचवटै साइकललाई प्रमाणका रूपमा राखी घटनाको विस्तृत अनुसन्धान जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

पछिल्लो समय सवारी साधन तथा साइकल चोरीका घटना बढ्दै गइरहेका बेला प्रहरीले प्रविधिको प्रयोगमार्फत अपराध अनुसन्धानलाई प्रभावकारी बनाउँदै गएको देखिएको छ । प्रहरीले नागरिकलाई सार्वजनिक स्थानमा सवारी साधन पार्किङ गर्दा आवश्यक सुरक्षा सावधानी अपनाउन समेत आग्रह गरेको छ ।

# सीमा विवाद दुवैतर्फबाट भएको प्रधानमन्त्री शाहको टिप्पणी, कूटनीतिक संवादमार्फत समाधान खोजिने

***काठमाडौं, १७ जेठ***

प्रधानमन्त्री बालेन शाहले नेपाल-भारत सीमा विवादलाई एकतर्फी रूपमा हेर्न नमिल्ने भन्दै दुवै मुलुकका तर्फबाट सीमा सम्बन्धी विषयमा जटिलता देखिएको टिप्पणी गरेका छन् । उनले भारतले मात्र नभई नेपालले पनि भारतको केही भूभाग मिचेको दाबी गर्दै सीमा समस्याको समाधानका लागि तथ्य, इतिहास र कूटनीतिक संवादलाई आधार बनाउनुपर्ने बताएका छन् ।

आइतबार बसेको प्रतिनिधिसभा बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री शाहले उक्त धारणा सार्वजनिक गरेका हुन् । बैठकमा श्रम संस्कृति पार्टीका एक सांसदले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रबारे सरकारको धारणा माग गर्दै सीमा विवाद समाधानका लागि स्पष्ट रणनीति प्रस्तुत गर्न आग्रह गरेका थिए ।

जवाफमा प्रधानमन्त्री शाहले नेपाल र भारतबीच रहेका सीमा सम्बन्धी विवादहरू संवेदनशील र दीर्घकालीन प्रकृतिका रहेको उल्लेख गर्दै त्यसलाई भावनात्मकभन्दा पनि तथ्यपरक ढंगले समाधान गर्नुपर्ने बताए । उनले सीमा विवादका विषयमा दुवै देशले ऐतिहासिक दस्तावेज, नक्सा तथा प्रमाणका आधारमा छलफल गर्नुपर्ने आवश्यकता औंल्याए ।



प्रधानमन्त्री शाहका अनुसार सरकार सीमा समस्यालाई कूटनीतिक माध्यमबाट समाधान गर्न प्रतिबद्ध छ । उनले नेपाल र भारतबीच नियमित संवाद, उच्चस्तरीय वार्ता तथा आपसी समझदारीमार्फत विवादित विषयहरूको निकास खोज्न सकिने विश्वास व्यक्त गरे । “सीमा विवाद कुनै एक पक्षलाई दोष दिएर मात्र समाधान हुँदैन, यसका लागि दुवै पक्षले जिम्मेवार ढंगले संवादमा सहभागी हुनुपर्छ,” उनले भने ।

उनले सीमा निर्धारणसँग सम्बन्धित ऐतिहासिक पृष्ठभूमि र विगतका सन्धि-सम्झौताहरूको अध्ययन आवश्यक रहेको पनि बताए । त्यसक्रममा बेलायतसँग रहेका ऐतिहासिक अभिलेख तथा दस्तावेजको सन्दर्भमा आवश्यक परे सुझाव वा परामर्श लिन सकिने धारणा व्यक्त गरे । प्रधानमन्त्रीको भनाइ अनुसार सीमा विवादको दीर्घकालीन समाधानका लागि इतिहास, भूगोल र कूटनीतिक समझदारीलाई समान रूपमा महत्व दिनुपर्ने हुन्छ ।

प्रतिनिधिसभामा प्रधानमन्त्रीले दिएको उक्त अभिव्यक्तिपछि सीमा विवाद सम्बन्धी विषय पुनः राजनीतिक तथा सार्वजनिक बहसको केन्द्रमा आएको छ । विशेषगरी लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र लामो समयदेखि नेपाल-भारत सम्बन्धमा संवेदनशील मुद्दाका रूपमा रहँदै आएका छन् ।

प्रधानमन्त्री शाहले सरकार राष्ट्रिय हित, सार्वभौमिकता र भौगोलिक अखण्डताको संरक्षणप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट पार्दै सीमा सम्बन्धी सबै विवादको समाधान शान्तिपूर्ण, सम्मानजनक र दीर्घकालीन रूपमा खोजिने बताए । उनले छिमेकी मुलुकसँगको सम्बन्धलाई थप सुदृढ बनाउँदै राष्ट्रिय हितको रक्षा गर्ने नीति सरकारले अवलम्बन गरिरहेको समेत उल्लेख गरे ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

## श्रीमतीको हत्या गरी फरार भएका पति महोत्तरीबाट पक्राउ

*शु.आ. सम्बाददाता*
*वीरगंज, १७ जेठ*

आफ्नै श्रीमतीको हत्या गरी फरार रहेका एक व्यक्तिलाई प्रहरीले महोत्तरीबाट शनिबार पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साले आईतबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार हत्या आरोपितलाई घटनाको तीन दिनपछि नियन्त्रणमा लिइएको हो।



*तस्विर : ए आईबाट*

प्रहरीका अनुसार यहि बिहिबार बिहान करिब ११:२० बजे वीरगंज महानगरपालिका-१० बजरंग टोल निवासी ४५ वर्षीय रामनारायण दास तत्माले मादक पदार्थ सेवन गरी आफ्नी ४२ वर्षीया श्रीमती हलसिया कुमारी देवीमाथि आक्रमण गरेका थिए। फलामको गलले टाउको लगायतका शरीरका विभिन्न भागमा कुटपिट गर्दा उनको घटनास्थलमै मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

घटनापछि आरोपित रामनारायण दास तत्मा फरार भएका थिए। श्रीमतीको हत्या जस्तो जघन्य अपराधपछि उनी फरार रहेकाले प्रहरीले उनको खोजी कार्यलाई तीव्र बनाएको थियो। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको विशेष टोलीले जिल्ला प्रहरी कार्यालय महोत्तरीको समन्वय र सहयोगमा खोजतलास अभियान सञ्चालन गरेको थियो।

सोही क्रममा शनिबार अपराह्न करिब ३:२० बजे महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिका-७ स्थित क्षेत्रबाट उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका तत्माको स्थायी घर महोत्तरीको रामगोपालपुर नगरपालिका-७ रहेको भए पनि उनी हाल वीरगंज महानगरपालिका-१० मा बसोबास गर्दै आएका थिए।

प्रहरीले पक्राउ परेका तत्मामाथि कर्तव्य ज्यान (ज्यान सम्बन्धी कसुर) मुद्दामा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जनाएको छ। घटनाको वास्तविक कारण, पारिवारिक अवस्था तथा हत्यापूर्वको परिस्थितिबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

स्थानीयवासीका अनुसार मृतक दम्पतीबीच विगतदेखि नै पारिवारिक विवाद हुने गरेको चर्चा रहे पनि घटनाको आधिकारिक कारणबारे प्रहरीले अनुसन्धानपछि मात्र स्पष्ट हुने जनाएको छ। श्रीमतीको हत्या जस्तो गम्भीर घटनाले वीरगञ्ज क्षेत्रमा त्रास र चासोको विषय बनेको छ।

घटनाले पुनः घरेलु हिंसा, मादक पदार्थको दुरुपयोग तथा पारिवारिक विवादको व्यवस्थापन सम्बन्धी विषयलाई गम्भीर रूपमा उठाएको छ। सामाजिक अभियन्ताहरूले यस्ता घटनाको न्यूनीकरणका लागि परिवार, समाज र सम्बन्धित निकायले समयमै सचेतना र हस्तक्षेप गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साले कानुनविपरीतका गतिविधिमा संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याइने प्रतिबद्धता दोहोर्‍याउँदै अनुसन्धानलाई निष्पक्ष र प्रभावकारी ढंगले अगाडि बढाइने जनाएको छ।

## खाद्यान्न तथा उपभोग्य सामग्री सहयोग

हरि किशोर शर्मा
पर्सा, १७ जेठ

सामाजिक सेवामा सक्रिय संस्था उपकार सेवा नेपालले आफ्नो नियमित सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत पर्साको ठोरी गाउँपालिका-१ भगवाननगरस्थित वृद्ध-वृद्धा आश्रमलाई खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री सहयोग गरेको छ।



आश्रममा आश्रित १८ जना अपाङ्ग, सुस्त मनस्थितिका व्यक्ति, वृद्धवृद्धा तथा बालबालिकाको दैनिक आवश्यकतालाई ध्यानमा राख्दै संस्थाले विभिन्न खाद्यान्न तथा उपभोग्य सामग्री उपलब्ध गराएको हो। सहयोगस्वरूप ३०-३० किलोका दुई बोरा चामल, एक बोरा पिठो, एक बोरा सोयाबिन, १० किलो दाल, ४ लिटर खानेतेल, ५ किलो नुन, सर्फ, लुगा धुने साबुन, नुहाउने साबुन, धनियाँ, खुर्सानीलगायतका सामग्री प्रदान गरिएको जनाइएको छ।

आयोजित एक कार्यक्रमबीच उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगी तथा सामाजिक अभियन्ता प्रकाश थारुले आश्रमका सदस्यहरू युहन्न गुरुङ, ममता गुरुङ र बिमाया थापालाई उक्त सामग्री हस्तान्तरण गरेका थिए। कार्यक्रममा बोल्दै संस्थाका प्रतिनिधिहरूले मानव सेवाभन्दा ठूलो धर्म अरू केही नभएको उल्लेख गर्दै समाजका असहाय, ज्येष्ठ नागरिक तथा विशेष आवश्यकता भएका व्यक्तिहरूको संरक्षण र सहयोगमा संस्था निरन्तर सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे।

उपकार सेवा नेपालले विगत लामो समयदेखि उक्त आश्रमलाई प्रत्येक महिना खाद्यान्न तथा अन्य जिन्सी सामग्री सहयोग गर्दै आएको छ। संस्थाको नियमित सहयोगले आश्रममा आश्रित व्यक्तिहरूको दैनिक जीवनयापन सहज बनाउन महत्वपूर्ण योगदान पुगेको आश्रम व्यवस्थापनले जनाएको छ।

स्थानीय स्तरमा सामाजिक उत्तरदायित्वका यस्ता कार्यले सहयोगको संस्कृतिलाई प्रवर्द्धन गर्नुका साथै असहाय र अभिभावकविहीन व्यक्तिहरूको जीवनमा सकारात्मक प्रभाव पारिरहेको सरोकारवालाहरूले बताएका छन्।

## दलित सामाजिक अभियन्ता मनोज राम काठमाडौंमा सम्मानित

*राजन कुमार बानियाँ*
*पर्सा, १७ जेठ*

दलित तथा सीमान्तकृत समुदायको अधिकार, शिक्षा, सामाजिक न्याय र मानव सेवाका क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आउनुभएका पर्साका सामाजिक अभियन्ता मनोज राम काठमाडौंमा सम्मानित हुनुभएको छ। रण अम्बिका शाह सेवा गुठी-नेपालद्वारा आयोजित तेस्रो वार्षिक कार्यक्रम तथा रण-अम्बिका सेवा पुरस्कार एवं सेवा सहयोग समर्पण समारोहमा उहाँलाई नगद ५० हजार रुपैयाँसहित 'रण अम्बिका शाह सेवा सहयोग-२०८३' प्रदान गरिएको हो।



काठमाडौंमा सम्पन्न कार्यक्रममा गुठीका तर्फबाट दोसल्ला, सम्मानपत्र तथा नगद पुरस्कार प्रदान गर्दै मनोज रामको सामाजिक योगदानको उच्च मूल्यांकन गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथिका रूपमा पूर्व राजदूत तथा शिक्षाविद् प्रा. डा. जयराज आचार्य तथा अध्यक्षता गुठीका अध्यक्ष डा. चिन्तामणि नाथ योगीले गर्नुभएको थियो। कार्यक्रममा गुठीका सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो।

गुठीका प्रतिनिधिहरूले दलित तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षा, सचेतना, मानव अधिकार तथा सामाजिक रूपान्तरणका क्षेत्रमा मनोज रामले पुर्‍याएको योगदान प्रेरणादायी रहेको उल्लेख गरे। उहाँले विशेषगरी विपन्न तथा दलित समुदायका बालबालिकालाई शिक्षामा पहुँच दिलाउन निःशुल्क ट्युसन कक्षा सञ्चालन, सिकाइ सुधार केन्द्र स्थापना, शैक्षिक सामग्री वितरण तथा विभिन्न जनचेतनामूलक अभियान सञ्चालन गर्दै आउनुभएको छ।

त्यसैगरी, मानव अधिकार, सामाजिक न्याय, जातीय विभेद अन्त्य तथा दलित समुदायमाथि हुने अन्यायविरुद्ध आवाज उठाउँदै उहाँले विभिन्न राष्ट्रिय तथा स्थानीय अभियानमा सक्रिय भूमिका निर्वाह गर्दै आउनुभएको छ। समुदायमा सकारात्मक परिवर्तन ल्याउन युवाहरूलाई संगठित गर्दै नेतृत्व विकास र सामाजिक उत्तरदायित्व प्रवर्द्धनमा समेत उहाँको योगदान महत्वपूर्ण रहेको कार्यक्रममा चर्चा गरिएको थियो।

सम्मान ग्रहणपछि प्रतिक्रिया दिँदै मनोज रामले उक्त सम्मान आफू एक्लैको नभई सामाजिक परिवर्तनका लागि निरन्तर संघर्ष गरिरहेका सम्पूर्ण दलित, सीमान्तकृत समुदाय, युवा तथा सहयोगीहरूको सम्मान भएको बताउनुभयो।

"यो सम्मान मेरो व्यक्तिगत उपलब्धिभन्दा पनि समाज परिवर्तनका लागि निरन्तर संघर्ष गरिरहेका सम्पूर्ण दलित, सीमान्तकृत समुदाय, युवा तथा सहयोगीहरूको सम्मान हो," उहाँले भन्नुभयो। उहाँले शिक्षा, स्वास्थ्य, अवसर र मानव अधिकारको क्षेत्रमा अझै पनि विद्यमान असमानता अन्त्य गर्न सबै पक्षले मिलेर काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा सहभागी सामाजिक अभियन्ता, मानव अधिकारकर्मी, बुद्धिजीवी, युवा प्रतिनिधि तथा समाजसेवीहरूले मनोज रामले सञ्चालन गरिरहेको अभियानले समुदायमा सकारात्मक प्रभाव पारेको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता अभियानलाई निरन्तरता दिन आग्रह गरेका थिए।

रण अम्बिका शाह सेवा गुठी-नेपालले शिक्षा, मानव सेवा, सामाजिक न्याय तथा समाज रूपान्तरणका क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्तित्वलाई सम्मान गर्दै आएको जनाएको छ। मनोज रामलाई प्रदान गरिएको यो सम्मानले दलित अधिकार, शिक्षा तथा सामाजिक न्यायका क्षेत्रमा कार्यरत अभियन्ताहरूलाई थप प्रेरणा र उत्साह प्रदान गर्ने विश्वास गरिएको छ।

## रास्वपा सिम्रौनगढको प्रथम नगर अधिवेशन सम्पन्न, सभापतिमा राजु गुप्ता

*सिकिन्द्र साह*
*बारा, १७ जेठ*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सिम्रौनगढ नगर समितिको प्रथम नगर अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले राजु गुप्तालाई सर्वसम्मत रूपमा सिम्रौनगढ नगर समितिको सभापतिमा चयन गरेको छ।



सिम्रौनगढ उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न अधिवेशनमा पार्टीका जिल्ला तथा क्षेत्रीय तहका नेताहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा जिल्ला तहका नेता डा. द्वारिका उप्रेती, गणेश प्रसाई, विशाल भट्टराई, श्यामसुन्दर उप्रेती तथा बसन्त यादवलगायतको उपस्थिति रहेको थियो।

अधिवेशनबाट सुरेश प्रसाद यादव नगर समितिको सचिव तथा रामबाबु कुशवाहा सहसचिवमा चयन भएका छन्। त्यसैगरी ओमप्रकाश ठाकुर, दीपेन्द्र यादव, कलावती देवीलगायत सदस्य रहने गरी १५ सदस्यीय नगर समिति गठन गरिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै क्षेत्रीय सभापति रजनीश कुशवाहाले संगठन निर्माण र जनविश्वास विस्तारमा नवगठित समितिले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे। उनले पार्टीले संगठनात्मक रूपमा चुनौतीपूर्ण अवस्थाबीच पनि जनसमर्थन प्राप्त गर्दै निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेको उल्लेख गर्दै अब स्थानीय तहमा संगठनलाई थप मजबुत बनाउनुपर्ने आवश्यकता औंल्याए।

सिम्रौनगढ नगरपालिकाका ११ वटै वडाका सभापति, पार्टीका नेता तथा कार्यकर्ताहरूको व्यापक सहभागितामा सम्पन्न अधिवेशनले नगरस्तरमा पार्टी संगठनलाई थप सक्रिय र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ।

नवनिर्वाचित सभापति राजु गुप्ताले पार्टीको सिद्धान्त, नीति र कार्यक्रमलाई जनस्तरसम्म पुर्‍याउँदै संगठन विस्तार तथा जनसमस्याको समाधानका लागि सक्रियतापूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

## डेढ लाख बराबरका अवैध कुखुराका चल्ला बरामद, ८८ कार्टुन नष्ट

*बारा, १७ जेठ*

नेपाल-भारत सीमावर्ती क्षेत्रमा हुने अवैध आयात नियन्त्रण अभियान अन्तर्गत बारा प्रहरीले ठूलो परिमाणमा भित्र्याइँदै गरेको कुखुराका चल्ला बरामद गरी नष्ट गरेको छ।





जिल्ला प्रहरी कार्यालय बाराका अनुसार आईतबार बिहान करिब ३ बजे सिम्रौनगढ नगरपालिका-६ अमरपुरस्थित सीमा क्षेत्रबाट भारततर्फबाट अवैध रूपमा ल्याइँदै गरेका कुखुराका चल्ला नियन्त्रणमा लिइएको हो। प्रहरी चौकी कचोर्वाबाट प्रहरी वरिष्ठ नायब निरीक्षक देववहादुर विष्टको नेतृत्वमा खटिएको गस्ती टोलीले सीमावर्ती क्षेत्रमा निगरानी गर्ने क्रममा उक्त चल्ला फेला पारेको थियो।

प्रहरीका अनुसार चल्ला बोकेर नेपालतर्फ आउँदै गरेका व्यक्तिहरूले प्रहरी टोली देख्नासाथ बोकेको सामान त्यहीं छाडेर भारततर्फ भागेका थिए। उनीहरूको खोजी भइरहेको जनाइएको छ।

बरामद गरिएका ८८ कार्टुन कुखुराका चल्लाको बजार मूल्य करिब १ लाख ५० हजार रुपैयाँ रहेको अनुमान गरिएको छ। आवश्यक पशु स्वास्थ्य तथा क्वारेन्टाइन मापदण्ड पूरा नगरी भित्र्याइएका ती चल्लाले पशुजन्य रोग फैलिन सक्ने जोखिम रहेको भन्दै सम्बन्धित निकायको समन्वयमा नष्ट गरिएको प्रहरीले जनाएको छ।

स्थानीय जनप्रतिनिधि तथा क्वारेन्टाइन अधिकृतको रोहबरमा कानुनी प्रक्रिया पूरा गरी मुचुल्का उठाएपछि बरामद चल्ला नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय अवैध रूपमा पशुपन्छी, कृषि उपज तथा अन्य वस्तु भित्र्याउने प्रयास बढ्दै गएको भन्दै प्रहरीले यस्ता गतिविधिविरुद्ध निगरानी र नियन्त्रण अभियानलाई थप कडाइका साथ अघि बढाइने जनाएको छ।

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका**